**05-09-2024** ओम् शान्ति प्रातः मुरली “बापदादा” मधुबन

“ मीठे बच्चे– तिमीलाई यहाँ प्रवृत्ति मार्गको प्यार मिल्छ किनकि बाबाले दिलबाट भन्नु हुन्छ– मेरा प्यारा बच्चाहरू! बाबाबाट वर्सा मिल्छ , यस्तो प्यार देहधारी गुरुले दिन सक्दैनन्।”

प्रश्नः– जुन बच्चाको बुद्धिमा ज्ञानको धारणा छ, तीक्ष्ण बुद्धि छ– उसको निसानी के हुन्छ?

उत्तरः– उसलाई अरूलाई ज्ञान सुनाउने सोख हुन्छ। उसको बुद्धि मित्र-सम्बन्धी आदिमा भट्किदैन। जो तीक्ष्ण बुद्धिको हुन्छ, उसले पढाइमा कहिल्यै हाइ आदि गर्दैन। विद्यालयमा कहिल्यै आँखा बन्द गरेर बस्दैन। जुन बच्चा अस्थिर भएर बस्छ, जसको बुद्धि यताउता भट्किइरहन्छ, उसले ज्ञानलाई बुझ्दै बुझ्दैन। उसलाई बाबाको याद गर्न धेरै मुस्किल हुन्छ।

ओम् शान्ति। यो हो बाबा र बच्चाहरूको मेला। गुरु र चेला अथवा शिष्यहरूको मेला होइन। यी गुरूहरूको दृष्टि हुन्छ– यी हाम्रा शिष्य हुन् अथवा अनुयायी वा जिज्ञासु हुन्। हल्का दृष्टि भयो नि। उनीहरूले त्यही दृष्टिबाट नै देख्छन्। आत्मालाई होइन। उनीहरूले देख्छन् शरीरलाई र ती चेलाहरू पनि देह अभिमानी भएर बस्छन्। उनीहरूलाई आफ्ना गुरु सम्झन्छन्, दृष्टि नै त्यस्तै हुन्छ, उहाँ हाम्रो गुरु हुनुहुन्छ। गुरुलाई आदर गर्छन्। यहाँ त धेरै फरक छ, यहाँ बाबाले नै बच्चाहरूलाई आदर गर्नुहुन्छ। जान्नुहुन्छ– यी बच्चाहरूलाई पढाउनु छ। यो सृष्टिचक्र कसरी घुम्छ। बेहदको इतिहास-भूगोल बच्चाहरूलाई सम्झाउनु छ। ती गुरूहरूको दिलमा बच्चाहरू प्रति त्यति प्यार हुँदैन। बाबालाई त बच्चाहरूप्रति धेरै प्यार हुन्छ र बच्चाहरूको पनि बाबामा प्यार हुन्छ। तिमीलाई थाहा छ– बाबाले त हामीलाई सृष्टिचक्रको ज्ञान सुनाउनु हुन्छ। उनीहरूले के सिकाउँछन्? आधाकल्प शास्त्र आदि सुनाउँछन्, भक्तिको कर्मकाण्ड गर्छन्, गायत्री, सन्ध्या आदि सिकाइरहन्छन्। यहाँ त बाबा आउनु भएको छ र आफ्नो परिचय दिइरहनु भएको छ। हामीले बाबालाई कति पनि चिन्दैनथ्यौं। सर्वव्यापी नै भन्थ्यौं। कसैले पनि परमात्मा कहाँ हुनुहुन्छ भनेर सोधेमा तुरुन्तै भन्थ्यौं उहाँ त सर्वव्यापी हुनुहुन्छ। तिमीकहाँ जब कोही आए भने सोध्छन्– यहाँ के सिकाइन्छ? भन, हामीले राजयोग सिकाउँछौं, जसबाट तपाईं मनुष्यबाट देवता अर्थात् राजा बन्न सक्नुहुन्छ। अरू कुनै सतसङ्ग यस्तो छैन जसले भन्छ हामीले मनुष्यबाट देवता बन्ने शिक्षा दिन्छौं। देवताहरू हुन्छन् सत्ययुगमा। कलियुगमा छन् मनुष्य। अब हामीले तपाईंलाई सारा सृष्टि चक्रको रहस्य सम्झाउँछौं, जसबाट तपाईं चक्रवर्ती राजा बन्नुहुन्छ र फेरि तपाईंलाई पावन बन्ने धेरै राम्रो युक्ति बताउँछौं। यस्तो युक्ति कहिल्यै कसैले बताउन सक्दैन। यो हो सहज राजयोग। बाबा हुनुहुन्छ पतित-पावन। उहाँ सर्वशक्तिमान पनि हुनुहुन्छ, त्यसैले उहाँलाई याद गर्नाले नै पाप भस्म हुन्छ किनकि योग अग्नि हो नि। यहाँ नयाँ कुरा सिकाइन्छ।

यो ज्ञानमार्ग हो। ज्ञानसागर केवल एक बाबा मात्रै हुनुहुन्छ। ज्ञान र भक्ति अलग अलग हो। ज्ञान सिकाउनको लागि बाबा आउनु पर्छ किनकि उहाँ ज्ञानका सागर हुनुहुन्छ। उहाँ आफै आएर आफ्नो परिचय दिनुहुन्छ– म नै सबैको पिता हुँ। ब्रह्माद्वारा सारा सृष्टिलाई पावन बनाउँछु। पावन दुनियाँ हो सत्ययुग। पतित दुनियाँ हो कलियुग। सत्ययुग आदि, कलियुग अन्त्यको यो हो सङ्गमयुग। यसलाई धर्माउ युग भनिन्छ। यसमा हामीले छलाङ् मार्छौं। कहाँ? पुरानो दुनियाँबाट नयाँ दुनियाँमा छलाङ् मार्छौं। उनीहरू त सिँढीबाट बिस्तारै बिस्तारै तल झर्दै आउँछन्। यहाँ त हामीले फोहोरी दुनियाँबाट नयाँ दुनियाँमा एकदम छलाङ् मार्छौं। सीधा जान्छौं माथि। पुरानो दुनियाँलाई छोडेर हामी नयाँ दुनियाँमा जान्छौं। यो हो बेहदको कुरा। बेहदको पुरानो दुनियाँमा धेरै मनुष्य छन्। नयाँ दुनियाँमा त धेरै कम मनुष्य हुन्छन् जसलाई स्वर्ग भनिन्छ। त्यहाँ सबै पवित्र हुन्छन्। कलियुगमा छन् सबै अपवित्र। अपवित्र रावणले बनाउँछ। तिमी अहिले रावण राज्य अथवा पुरानो दुनियाँमा छौ– यो त सबैलाई सम्झाइन्छ। वास्तवमा रामराज्यमा थियौ जसलाई स्वर्ग भनिन्थ्यो। फेरि कसरी ८४ को चक्कर लगाएर तल झर्यौ, यो त हामीले बताउन सक्छौं। जो राम्रा समझदार हुन्छन् उनीहरूले तुरुन्तै बुझ्छन्, जसको बुद्धिमा घुस्दैन उसले त बुद्धुले जस्तै यताउता हेरिरहन्छ। ध्यान दिएर सुन्दैन। भनिन्छ नि– तिमी त मानौं बुद्धु हौ। संन्यासीहरूले पनि बसेर कथा सुनाउँदा कसैले उँग्छन् वा ध्यान अन्तै गयो भने अचानक उनीहरूलाई सोध्छन् के सुन्यौ? बाबाले पनि सबैलाई हेरिरहनुहुन्छ। कोही अस्थिर त बसेका छैनन्। जुन राम्रा तीक्ष्ण बच्चा हुन्छन् उनले

पढाइमा कहिल्यै हाइ आदि गर्दैनन्। स्कुलमा कहिल्यै कसैले आँखा बन्द गरेर बस्ने यस्तो त काइदा हुँदैन। ज्ञानलाई कत्ति पनि बुझ्दैनन्। बाबालाई याद गर्न, उनीहरूको लागि धेरै मुस्किल हुन्छ, फेरि पाप कसरी काटिन्छ। तीक्ष्ण बुद्धिकाले त राम्रोसँग धारण गरेर अरूलाई सुनाउने सोख राख्छन्। ज्ञान छैन भने बुद्धि मित्र-सम्बन्धीहरूतर्फ भट्किइरहन्छ। यहाँ त बाबा भन्नुहुन्छ– अरू सबैथोक भुल्नु छ। पछि कुनै पनि याद नआओस्। बाबाले संन्यासी आदिलाई देख्नुभएको छ, जो पक्का ब्रह्मज्ञानी हुन्छन्, सबेरै यसरी बस्दा बस्दै ब्रह्म महत्तत्त्वलाई याद गर्दा गर्दै शरीर छोडिदिन्छन्। तिनको शान्तिको प्रवाह धेरै हुन्छ। तर ती ब्रह्ममा लीन हुन त सक्दैनन्, फेरि पनि माताको गर्भमा जन्म लिनुपर्छ।

बाबाले सम्झाउनु भएको छ– वास्तवमा महात्मा त श्रीकृष्णलाई भनिन्छ। मनुष्यले त बुझ्दै नबुझिकन त्यसै भनिदिन्छन्। बाबा सम्झाउनु हुन्छ– श्रीकृष्ण हुन् सम्पूर्ण निर्विकारी, तर उनलाई संन्यासी होइन देवता भनिन्छ। संन्यासी भन्नु वा देवता भन्नु त्यसको पनि अर्थ छ। यिनी देवता कसरी बने? संन्यासीबाट देवता बने। बेहदको संन्यास गरे फेरि गए नयाँ दुनियाँमा। उनीहरूले त हदको संन्यास गर्छन्। बेहदमा जान सक्दैनन्। हदमा नै पुनर्जन्म लिनुपर्छ, विकारबाट। बेहदको मालिक बन्न सक्दैनन्। राजा-रानी कहिल्यै बन्न सक्दैनन् किनकि उनीहरूको धर्म नै अलग छ। संन्यास धर्म देवी-देवता धर्म होइन। बाबा भन्नुहुन्छ– मैले अधर्मलाई विनाश गरेर देवी-देवता धर्मको स्थापना गर्छु। विकार पनि अधर्म हो नि, त्यसैले बाबा भन्नुहुन्छ– यी सबको विनाश र एक आदि सनातन देवी-देवता धर्मको स्थापना गर्न म आउनु पर्छ। भारत खण्डमा जब सत्ययुग थियो, त्यतिबेला एउटै धर्म थियो, त्यही धर्म फेरि अधर्म बन्छ। अब तिमीले फेरि आदि सनातन देवी-देवता धर्म स्थापना गर्दै छौ। जसले जति पुरुषार्थ गर्छ त्यति नै उच्च पद पाउँछ। आफूलाई आत्मा निश्चय गर्नु छ। ठीकै छ, गृहस्थ व्यवहारमा बस। त्यहाँ पनि जति सकिन्छ उठ्दा-बस्दा यो पक्का गर, जसरी भक्तहरूले बिहान सबेरै उठेर एकान्तमा बसेर माला जप्छन्, तिमीले त सारा दिनको हिसाब निकाल्छौ। फलानो समयमा यति याद रह्यो, सारा दिनमा यति समय याद रह्यो, टोटल निकाल्छौ। उनीहरूले त सबेरै उठेर माला जप्छन्, कुनै सच्चा भक्त त हुँदैनन्। कतिको बुद्धि त बाहिर कहाँ कहाँ भट्किइरहन्छ। अहिले तिमीले जान्दछौ– भक्तिबाट फाइदा केही पनि मिल्दैन। यो त हो ज्ञान, जसबाट धेरै फाइदा हुन्छ। अहिले तिम्रो हो चढ्तीकला। बाबा बारम्बार भन्नुहुन्छ– मनमनाभव। गीतामा पनि लेखिएको छ तर त्यसको अर्थ कसैले पनि सुनाउन सक्दैनन्। जवाफ दिन आउँदैन। वास्तवमा त्यसको अर्थ लेखिएको पनि छ– आफूलाई आत्मा सम्झ, देहका सबै धर्मलाई छोडेर म एकलाई याद गर। भगवानुवाच हो नि। तर उनीहरूको बुद्धिमा छ श्रीकृष्ण भगवान। उनी त देहधारी पुनर्जन्ममा आउनेवाला हुन् नि। उनलाई भगवान कसरी भन्न सकिन्छ? संन्यासी आदि कसैको पनि दृष्टि पिता र बच्चाको हुन सक्दैन। भन्न त गान्धीजीलाई बापूजी भन्थे तर बाबु-छोराको सम्बन्ध भनिँदैन। उनी त फेरि पनि साकार भएँ नि। तिमीलाई त सम्झाइएको छ– आफूलाई आत्मा सम्झ। यसमा जुन बाबा बस्नुभएको छ, उहाँ हुनुहुन्छ बेहदको बापूजी। लौकिक र पारलौकिक दुवै पिताबाट वर्सा मिल्छ। बापूजीबाट त केही पनि मिलेन। भारतको राजधानी फिर्ता मिल्यो तर यसलाई वर्सा त भनिँदैन। सुख मिल्नुपर्यो नि।

वर्सा हुन्छन् नै दुई– एक हदको पिताको, अर्को बेहदको बाबाको। ब्रह्माबाट पनि कुनै वर्सा मिल्दैन। हुन त उनी सारा प्रजाका पिता हुन्, उनलाई भनिन्छ ग्रेट-ग्रेट ग्रेण्ड फादर। उनले स्वयं भन्छन्– मबाट तिमीलाई कुनै पनि वर्सा मिल्दैन, जबकि यिनले स्वयं भन्छन्– मबाट वर्सा मिल्न सक्दैन भने ती बापूजीबाट फेरि के वर्सा मिल्न सक्छ। केही पनि मिल्दैन। अङ्ग्रेज त गए। अहिले के छ? भोक हड्ताल, धर्ना, विरोध आदि भइरहन्छ, कति मारामार भइरहन्छ। कसैको डर हुँदैन। ठुला ठुला अफिसरलाई पनि मारिदिन्छन्। सुखको सट्टा अझै दुःख छ। बेहदको कुरा यहाँ नै छ। बाबा भन्नुहुन्छ पहिला त यो पक्का निश्चय गर– हामी आत्मा हौं, शरीर होइनौं। बाबाले हामीलाई एडप्ट गर्नुभएको छ, हामी एडप्टेड बच्चा हौं। तिमीलाई सम्झाइन्छ– बाबा ज्ञानका सागर आउनु भएको छ र सृष्टि चक्रको रहस्य सम्झाउनु हुन्छ। अरू कसैले सम्झाउन सक्दैन। बाबा भन्नुहुन्छ– देह सहित देहका सबै धर्मलाई भुल, म एकलाई याद गर। सतोप्रधान अवश्य बन्नु पर्छ। यो पनि जानेका छौ– पुरानो दुनियाँको विनाश त हुनु नै छ। नयाँ दुनियाँमा धेरै कम हुन्छन्। कहाँ यति करोडौं आत्माहरू र कहाँ ९ लाख। यति सबै कहाँ जान्छन्? अहिले तिम्रो बुद्धिमा छ– हामी सबै आत्माहरू माथि थियौं। फेरि यहाँ आयौं पार्ट खेल्न। आत्मालाई नै कलाकार भनिन्छ। आत्माले कर्म गर्छ यस शरीरको साथ। आत्मालाई अङ्ग त चाहियो नि। आत्मा कति सानो छ। ८४ लाख जन्म हुँदैन। हरेकले यदि ८४ लाख जन्म लिने भए त फेरि पार्ट रिपिट कसरी गर्छन्। याद रहन सक्दैन। स्मृतिबाट

बाहिर जान्छ। ८४ जन्म पनि तिमीलाई याद रहँदैन, भुल्छौ। अब तिमी बच्चाहरू बाबालाई याद गरेर पवित्र अवश्य बन्नु छ। यस योग अग्निबाट विकर्म विनाश हुन्छ। यो पनि निश्चय छ– हामीले कल्प कल्प बेहदको बाबाबाट बेहदको वर्सा लिन्छौं। अब फेरि स्वर्गवासी बन्नको लागि बाबा भन्नुहुन्छ– म एकलाई याद गर किनकि म नै पतित-पावन हुँ। तिमीले बाबालाई पुकारेका थियौ नि, त्यसैले अब बाबा आउनु भएको छ, पावन बनाउन। पावन हुन्छन् देवता, पतित हुन्छन् मनुष्य। पावन बनेर फेरि शान्तिधाममा जानु छ। तिमी शान्तिधाम जान चाहन्छौ कि सुखधाम आउन चाहन्छौ? सन्यासीले त भन्छन्– सुख काग विष्टा समान हो, हामीलाई शान्ति चाहिन्छ। त्यसैले उनीहरू सत्ययुगमा कहिल्यै आउन सक्दैनन्। सत्ययुगमा थियो प्रवृत्ति मार्गको धर्म। देवताहरू निर्विकारी थिए उनीहरू नै पुनर्जन्म लिँदा लिँदा पतित बन्छन्। अहिले बाबा भन्नुहुन्छ– निर्विकारी बन्नु छ, स्वर्गमा आउनु छ भने मलाई याद गर, अनि तिम्रो पाप काटिन्छ, पुण्य आत्मा बन्छौ फेरि शान्तिधाम-सुखधाममा जान्छौ। त्यहाँ शान्ति पनि थियो, सुख पनि थियो। अहिले छ दुःखधाम। फेरि बाबा आएर दुःखधामको विनाश सुखधामको स्थापना गर्नुहुन्छ। चित्र पनि अगाडि होस्। भन– अहिले तपाईं कहाँ खडा हुनुहुन्छ? अहिले हो कलियुगको अन्त्य, विनाश सामुन्ने खडा छ। बाँकी गएर सानो टुक्रा रहन्छ। यति धेरै खण्ड त्यहाँ हुँदैनन्। यो सबै विश्वको इतिहास-भूगोल बाबाले नै बसेर सम्झाउनु हुन्छ। यो पाठशाला हो। भगवानुवाच– सुरुमा बाबाको परिचय दिनुपर्छ। अहिले कलियुग हो फेरि सत्ययुगमा जानु छ। त्यहाँ त सुख नै सुख हुन्छ। एकलाई याद गर्नु– त्यो हो अव्यभिचारी याद। शरीरलाई पनि भुल्नुपर्छ। शान्तिधामबाट आएका हौं फेरि शान्तिधाममा जानु छ। त्यहाँ पतित कोही पनि जान सक्दैन। बाबालाई याद गर्दा गर्दै पावन बनेर तिमी मुक्तिधाममा जान्छौ। यो कुरा बसेर राम्रोसँग सम्झाउनु पर्छ। पहिला यति धेरै चित्रहरू कहाँ थिए र। चित्र बिना नै छोटकरीमा सम्झाइन्थ्यो। यस पाठशालामा मनुष्यबाट देवता बन्नु छ। यो हो नयाँ दुनियाँको लागि ज्ञान। त्यो ज्ञान बाबाले नै दिनुहुन्छ नि। बाबाको दृष्टि जान्छ बच्चाहरू माथि। बाबाले हामी आत्माहरूलाई पढाउनु हुन्छ। तिमीले पनि सम्झाउँछौ– बेहदका बाबाले हामीलाई सम्झाउनु हुन्छ, उहाँको नाम हो शिवबाबा। केवल बेहदका बाबा भन्नाले पनि अलमलिन्छन् किनकि बाबाहरू पनि धेरै बनेका छन्। नगरपालिकाको मेयरलाई पनि पिता भन्छन्। बाबा भन्नुहुन्छ– म यिनमा आउँछु तैपनि मेरो नाम शिव नै हो। म यस रथद्वारा तिमीलाई ज्ञान दिन्छु। यिनलाई एडप्ट गरेको छु। यिनको नाम राखिएको छ– प्रजापिता ब्रह्मा। यिनलाई पनि मबाट वर्सा मिल्छ। अच्छा।

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) अहिले पुरानो दुनियाँबाट नयाँ दुनियाँमा छलाङ मार्ने समय हो, त्यसैले यस पुरानो दुनियाँबाट संन्यास लिनु छ। यसलाई बुद्धिबाट भुल्नु छ।

२) पढाइमा पूरा ध्यान दिनु छ। विद्यालयमा आँखा बन्द गरेर बस्नु, यो नियम हुँदैन। ध्यान रहोस्– पढाइको समयमा बुद्धि यताउता नभट्कियोस्, हाइ नआओस्। जे सुन्दै जान्छौ त्यो धारणा हुँदै जाओस्।

वरदानः– रुहानी नसाद्वारा पुरानो दुनियाँलाई भुल्ने स्वराज्य र विश्वराज्य अधिकारी भव

सङ्गमयुगमा जो बाबाको वर्साको अधिकारी छन् उनीहरू नै स्वराज्य र विश्वराज्य अधिकारी बन्छन्। आज स्वराज्य छ भोलि विश्वको राज्य हुन्छ। आज र भोलिको कुरा हो, यस्ता अधिकारी आत्मा रुहानी नसामा रहन्छन् र नसाले पुरानो दुनियाँ सहजै भुलाइदिन्छ। अधिकारी कहिल्यै कुनै वस्तुको, व्यक्तिको, संस्कारको अधीन हुन सक्दैन। उनलाई हदको कुरा छोड्नु पर्दैन, स्वतः छुट्न जान्छ।

स्लोगनः– हर सेकेन्ड, हर श्वास, हर खजानालाई सफल गर्ने नै सफलतामूर्त बन्छन्।